# आठराई त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

१ नं. प्रदेश, नेपाल

## बालुवा बिक्री तथा निकासी शुल्क संकलन कार्यको सिलबन्दी बोलपत्र आह्वानको सूचना ।

दोस्रो पटक प्रकाशित मिति २०७६।११।२९

यस कार्यालयबाट आर्थिक बर्ष २०७६।७७ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२)घ (६) बमोजिम आठराई त्रिवेणी गाउँपालिका क्षेत्र भित्रका तपसिलका नदी, खोलामा स्वीकृत **IEE** प्रतिवेदन तथा गाउँकार्यपालिकाको मिति २०७६।११।२९ को निर्णय अनुसार बालुवा बिक्री तथा निकासी शुल्क संकलनको कार्य ठेक्का बन्दोवस्तबाट गर्नुपर्ने भएको हुँदा सम्बन्धित इच्छुक फर्म वा कम्पनीहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजको अधिनमा रही लट अनुसारको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्न र ८ औं दिनको १२.०० बजेसम्म सिलबन्दी बोलपत्र दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । शुल्क असुली सम्बन्धी दररेटको विवरण तथा कर संकलन सम्बन्धी थप शर्तहरु सिलवन्दी बोलपत्र फारामसाथ उपलब्ध गराइनेछ । दररेट र ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयको राजस्व तथा आर्थिक प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राखेर वा यस गाउँपालिकाको वेव पेज www.aathraitribenimun.gov.np बाट समेत लिन सकिनेछ ।

| सि नं. | प्याकेज नं. | स्थान | निकासि गर्न सकने परिमाण | न्यूनतम मूल्य VAT बाहेक | मुख्य नदीको नाम |
|---|---|---|---|---|---|
| १ | १ | आ. त्रि. १, निघुरादिन (लिम्बुनी पूल छेउ) (पूलको ५०० मि. भित्रको क्षेत्र बाहेक) | ८५१ घ.मि. | ८९३५५।- | तमोर नदी |
| २ | २ | आ. त्रि. २, फुलबारी<br>i. माटे<br>ii. घुमाउने बेंसी | ४२६ घ.मि. | ४४७३०।- | तमोर नदी |
| ३ | ३ | आ. त्रि. २, फुलबारी<br>i. काबेली<br>ii. काबेली दोभान माथिल्लो भाग | ४२६घ.मि. | ४४७३०।- | तमोर नदी |
| ४ | ४ | आ. त्रि. ५, चाँगे<br>i. सोबुवा दोभान | ४२६ घ.मि. | ४४७३०।- | सोबुवा खोला |
| ५ | ५ | आ. त्रि. ५, चाँगे<br>i. नागबेले | १७०१ घ.मि. | १७८६०५।- | तमोर नदी |
| ६ | ६ | आ. त्रि. ५, चाँगे<br>i. त्रिवेणी देखि मैवाखोला झो.पु. सम्म | २५५० घ.मि. | २६७७५०।- | तमोर नदी मैवाखोला |
| ७ | ७ | आ. त्रि. ५, चाँगे<br>i. झो.पु बाट पक्किपुल सम्मको क्षेत्र (पूलको ५०० मि. भित्रको क्षेत्र बाहेक) | २१२६ घ.मि. | २२३२३०।- | मैवाखोला |
| ८ | ८ | आ. त्रि. ५, चाँगे<br>i. खोलाखेत | ४२६ घ.मि. | ४४७३०।- | मैवाखोला |

**शर्तहरु:**

१. सीलबन्दी बोलपत्र दर्ता गर्दा सिलबन्दी खामको बाहिरपट्टी नाम प्रस्ट बुझिने गरी लेखी प्रत्येक लटको छुट्टा छुट्टै पेश पर्नेछ ।

२. सिलबन्दी बोलपत्र फारामसाथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धिकर सहितको PAN को प्रतिलिपि र आर्थिक वर्ष २०७५।७६ को आयकर चुक्ता प्रमाण पत्र,फर्म नवीकरणको प्रमाण पत्र,कार्वाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

३. धरौटी बापत आफुले कबोल गरेको अंकको पाँच ५ प्रतिशत रकम यस कार्यालयको नाममा श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड हाङपाङ ताप्लेजुङ शाखाको धरौटी खाता नं २०७०३०३००७१०२ मा नगद जम्मा गरी सोको दोस्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम बराबरको क वर्गको बैंकद्वारा यस गाउँपालिकाको नाममा जारी गरिएको बोलपत्र फाराम बुझाउने अन्तिम दिनबाट कम्तीमा १२० एकसय बीस दिनसम्म मान्य अवधि भएको बिडवण्ड पेश गर्नु पर्नेछ ।

४. बोलपत्र पेश गर्दा कबोल रकम अंक र अक्षरमा प्रष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. यो सुचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।

६. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

७. ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले बुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर समेत बुझाउनु पर्नेछ ।

८. ठेक्का स्वीकृत भएपछि एकमुष्ट रकम बुझाउन चाहनेले मूल्य अभिबृद्दि करको रकम सहित एकमुष्ट बुझाउँदा कबोल अंकमा मू.अ करको रकम घटाई बाँकी रकममा ५ प्रतिशत छुट दिइनेछ ।

९. किस्ताबन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको क वर्गको बैंकबाट जारी भएको घटीमा ६ महिना अवधि भएको परफरमेन्स बण्ड बुझाई ठेक्का रकम दुई किस्तामा बुझाउन सकिनेछ । किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५० प्रतिशत र मूल्य अभिबृद्धि करको पुरै रकम र दोस्रो किस्ता ५० प्रतिशत रकम कायम गरिएको छ । यसरी बुझाउँदा पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा र दोस्रो किस्ता बैसाख मसान्तभित्रमा बुझाउनु पर्नेछ ।

१०.तोकिएको समयमा किस्ता रकम नबुझाएमा प्रचलित कानून अनुसार जरिवाना गरिने र जेठ मसान्त भित्रमा नबुझाएमा परफरमेन्स बण्डबाट असूल उपर गरिनेछ ।

११.ठेक्का सकार गर्ने ठेकेदारले गाउँपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ।प्रमाणित नगरिएको रसिदबाट उठाएको पाईएमा नियमानुसार कानुनी कारवाही गरिनेछ। साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइनेछ ।

१२. तोकिएको नाका र परिणाम भन्दा वढी उत्खनन् गरी बिक्री गरेमा सोबाट हुने हानी नोक्सानी सबै ठेकेदारबाट भराइनेछ ।

१३. बोलपत्र धरौटी वापत नगदै जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन । यस्तो रकम वा बोलपत्र जमानत ठेक्का अवधी समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर समायोजन पत्र लिई पेश गरेपछि मात्र फिर्ता वा फुकुवा दिइने छ ।

१४.यस गाउँपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

१५. तोकिएको शुल्क संकलन कार्य गर्दा व्यवधान वा समस्या परेमा दुई पक्ष विच आपसि छलफलद्वारा समाधान गरिने छ । त्यस्तो छलफलवाट सहमति हुन नसकेमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ । उक्त निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१६. वन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुवाट सृजना हुने अवरोधका कारण ठेक्का रकम छुट वा मिन्हा दिईने छैन ।

१७. कुनै एक फर्मको नाममा खरिद गरेको वोलपत्र फारम अर्को फर्मको नाममा दखिला गर्न पईने छैन ।

१८.वालुवा नदीवाट उत्खनन्न गर्दा प्रचलित कानुन तथा कार्यपालिका वैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक वहावलाई प्रतिकुल असर नहुनेगरि नदीको **channeling** गरेर मात्र उत्खनन गर्नु पर्नेछ ।

१९. नदीजन्य पदार्थ निकाल्दा अर्काको घर जग्गा कुलो वाध वाटो आदि क्षेति हुने गरि निकाल्न पाईने छैन ।

२०. यस ठेक्काको लागि सम्झौता अवधि २०७७ जेष्ठ मसान्तसम्म मात्र कायम गरिएको छ ।

२१. वोलपत्र फारममा कवुल गरेको अंक वापतको रकम यस गाउँपालिकालाई वुझाउदा चेक मार्फत कारोवार गर्न पाईनेछैन । कार्यलयले उपलव्ध गराएको वैक खातामा जम्मा गरि सो को भौचर पेश गर्नुपर्ने छ ।

२२. पेश भएका शिलवन्दी वोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० वजे यसै कार्यालयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा वोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

२३. वोलपत्र फारममा उल्लेख भए वाहेकका कुराहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

आठराई त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, हाङपाङ, ताप्लेजुङ

प्रमुख प्रशासकीय अधिकृत